# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ बैशाख ७ गते

## आयोगको सिफारिस कार्यान्वयनमा जोड

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनुगमन एवं अध्ययन गरेका अधिकांश सिफारिसहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक नभएको सन्दर्भमा आयोगले प्रभावकारी कार्यान्वयनको लागि नागरिक समाजसँग परामर्श गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगद्धारा आज आयोगको कार्यालयमा आयोजित कार्यक्रममा आयोगले गरेको अध्ययनबाट मानव अधिकार उल्लंघनका घटनाहरुमा अनुसन्धान गरी हालसम्म ७३७ वटा सिफारिस गरिएकोमा १४ प्रतिशत पूर्ण, ४८ प्रतिशत आंशिक कार्यान्वयन भएको छ भने ३८ प्रतिशत सिफारिसहरुमा कुनै सम्बोधन नभएको जानकारी दिइएको थियो ।

परामर्श कार्यक्रममा उस्थित मानव अधिकारकर्मीहरुले सिफारिस कार्यान्वयनको कमजोर अवस्थाप्रति चिन्ता व्यक्त गर्दै संवैधानिक रुपमा स्थापित आयोगले गरेका सिफारिसहरु पूर्ण रुपमा कार्यन्वयन हुनु पर्ने र मानव अधिकार उल्ङ्घनकर्ता र आयोगका सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारी, निकाय तथा व्यक्तिको नाम संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम अभिलेखीकरण र सार्वजनिक गर्न आयोगलाई सुझाव दिएका थिए । ऐनको दफा ७ मा आयोगले गरेको सिफारिस, आदेश वा नर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लंघनकर्ताको रुपमा सार्वजनिक गर्ने व्यवस्था छ । कार्यक्रमबाट सिफारिस कार्यान्वयनको लागि विद्यमान कानूनमा परिमार्जन गरी मानव अधिकार उल्लंघनकर्ताहरुलाई जवाफदेही बनाइनु पर्ने सुझाव प्राप्त भएको छ । आयोगका अध्यक्ष माननीय अनुपराज शर्मा तथा माननीय सदस्यहरुले आयोगले गरेका सिफारिसहरुको प्रभावकारी रुपमा कार्यान्वयन गराउन आयोगले पहल शुरु गरेको जानकारी गराउनु भएको थियो ।

## जाजरकोट घटना बारे छलफल

यसैगरी आजै राष्ट्रिय मानव अधिकार आयोगले जाजरकोट घटनाको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय,स्वास्थ्य मन्त्रालय,गृह मन्त्रालय, रक्षा मन्त्रालय,नेपाल मेडिकल एशोसियसन र नर्सिङ्ग संघका पदाधिकारी सँग घटनाको बारेमा विवरण लिएको छ । आयोगमा भएको छलफल कार्यक्रममा आयोगका माननीय अध्यक्ष अनुपराज शर्माले उपस्थित मन्त्रालयका पदाधिकारीलाई जाजरकोट घटनाको सम्बन्धमा आपसमा समनवय गरेर रोग जति सक्दो छिटो समाधान गर्न पहल गर्न निर्देशन दिनुभएको छ ।

वेद प्रसाद भट्टराई

का.मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org